नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९
स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३१ अंक २८९ २०७९ साल असार १४ गते मंगलबार (28 June 2022 Tuesday) मूल्य रु. ५/-

Log in : rajbirajdainik.com.np

बचत गर्दा ध्यान दिऔं।

सहकारी लगायत वित्तीय संस्थामा रकम जम्मा गर्दै हुनुहुन्छ?

हो भने,

त्यस्ता संस्थाको वित्तीय विश्वसनियताको परीक्षण गर्न नविर्सौं। अधिक लाभको लोभमा नफसौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

*यस अंक भित्र :* २ पृष्ठमा : मस्तिष्काघात : 'समयमै विशेषज्ञ.. ३ पृष्ठमा : एघार महिनामा नेपालीले ... ३ पृष्ठमाभारतमा एघार हजार पाँचसयभन्दा...

## मलको आपूर्ती नभएको भन्दै किसानहरुद्वारा प्रदर्शनसहित धर्नामा




**दैनिक समाचारदाता**
**राजविराज, १३ असार ।**

मल उपलब्ध गराउने कुनै पहल नभएको भन्दै सोमबार राष्ट्रिय प्रजातन्त्र पार्टी सप्तरीले राजविराजमा प्रदर्शन गरेको छ ।

एक साता अघि प्रमुख जिल्ला अधिकारी जर्नादन गौतममार्फत सो सम्बन्धमा प्रधानमन्त्रिलाई ज्ञापन पत्र पठाए पनि हालसम्म कुनै सुनुवाई नभएको भन्दै सो पार्टीले प्रदर्शन गरेको हो ।

राष्ट्रिय प्रजातन्त्र पार्टीका केन्द्रिय सदस्य जया कुमारी साह र जिल्ला उपाध्यक्ष उमेश प्रसाद साहको अगुवाइमा पार्टी कार्यालयबाट निस्केको किसानहरुको जुलुश मल खादको व्यवस्था, किसानको समस्या समाधान गर्न लगायतका माग गर्दै बजार क्षेत्र परिक्रममा पश्चात कृषि ज्ञान केन्द्र कार्यालय पुगी एक घण्टा धर्नामा वसेका थिए ।

सप्तरीमा कुल ७० हजार हेक्टर खेती योग्य जग्गा छ । तर, मलको अभावमा १५ प्रतिशत जग्गामा मात्र रोपाई हुन सकेको कृषि ज्ञान केन्द्रका प्रमुख राजेन्द्र यादवले पनि स्विकार गरे ।

उनले मल खाद वितरण गर्ने काम साल्ट ट्रेडिङ्ग करपोरेशन लि. र कृषि समाग्री कम्पनीले गर्ने गरेपनि ती दुबै निकायमा अहिले माग अनुसारको मल खाद नहुदा समस्या भएको बताए ।

रोपाईका समयमा प्रत्येक वर्ष मलको अभाव हुने गरे पनि सरकारले यस्को स्थायी समाधान खोज्न नसकेकोमा आक्रोसित बनेका किसानहरुले अविलम्ब मल खादको व्यवस्था गर्न माग गरेका छन् ।

## चोरी तथा गाली बेइजत मुद्दाका फरार सात अभियुक्त पक्राउ

**दैनिक समाचारदाता**
**राजविराज, १३ असार ।**

दुर्घटनामा परेको ट्रकबाट मालसमान चोरी गरेको आरोपमा अदालतबाट कैद सजाय तोकिएपछि फरार रहेका तीन जना अभियुक्त पक्राउ परेका छन् ।

घटना भएको ८ वर्षदेखी फरार रहेका सप्तरीको तत्कालिन तेरहौता गाविस ६ हाल रुपनी गाउँपालिका वस्ने २६ वर्षिय राजकुमार चौधरी, २५ वर्षिय गोविन्द चौधरी र २७ वर्षिय दिलिप सदालाई प्रहरीले पक्राउ गरेको हो ।

उनीहरुलाइ गाउँमै लुकि वसेको अवस्थामा आईतवार दिउँसो पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका डिएसपी माधव प्रसाद काफ्लेका अनुसार रामकुमार यादवको प्लाईउड लगायतका सरसमान लोड रहेको ना.४ ख.९१०४ नम्बरको ट्रक २०७० साल फागुन ३ गते साँझ पुर्व पश्चिम राजगर्माग अर्न्तगतको तेरहौता सडक खण्डमा अनियन्त्रित भई पल्टिएको थियो ।

अन्ध्यारोको समय र अर्कोतीर चालक, सहचालक घाईते भएको मौका छोपी उनीहरुले ट्रकमा लोड रहेको प्लाईउड लगायतका समान चोरी गरी लगेका थिए ।

सप्तरी जिल्ला अदालतमा प्रस्तुत चोरी मुद्दाको सुनवाइ गर्दै २०७१ साल कार्तिक १७ गते प्रतिवादी तीनै जनालाई जनही ४ हजार ४ सय ८ रुपैया जरिवाना र एक/एक महिना कैदको फैसला गरिएको थियो । फैसला लगत्तै उनीहरु फरार भएका थिए ।

यस्तै गाली बेइजतीको मुद्दामा चार जना फरार अभियुक्तलाई पनि सोमवार प्रहरीले पक्राउ गरेको छ ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका डिएसपी माधव प्रसाद काफ्लेका अनुसार सातै जनालाई अदालतमा उपस्थित गराउदा आदेशानुसार कैद सजाय भुक्तानका लागी राजविराज कारागार पठाइएको छ ।

चालु आ.ब ०७८/०७९ को साउन देखी हाल सम्मको अवधीमा विभिन्न अपराधका ३ सय ६८ जना फरार अभियुक्त पक्राउ परिसकेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

## गोली लोड भएको पेस्तालेसहित तीन भारतीय पक्राउ

**दैनिक समाचारदाता**
**धनुषा, १३ असार ।**

सशस्त्र प्रहरीले धनुषाबाट तीन भारतीय नागरिकलाई सोमबार हतियारसहित पक्राउ गरेको छ ।

पक्राउ पर्नेहरुमा भारतको बिहार राज्य अन्तर्गत मुजफ्फरपुर ७ साहेबगञ्ज निवासी २९ वर्षीय राहुल रञ्जन, २० वर्षीय उज्जवल कुमार र २६ वर्षीय सञ्जय कुमार छन् ।

जनकपुरबाट भारततर्फ जाँदै गरेको बीआर ०६ एपी ३००८ नम्बरको कारमा सवार उनीहरुलाई विदेह नगरपालिका १ महिनाथपुरबाट हतियारसहित पक्राउ गरिएको सशस्त्र प्रहरीले जनाएको छ ।

उनीहरुको साथबाट मेड इन यूएसए लेखिएको ७.६२ एमएमको एक राउण्ड गोली लोड भएको पेस्तोल कारको अगाडिपट्टिको बायाँ साइडको सिटमुनि राखेको अवस्थामा बरामद भएको सशस्त्र प्रहरी निरीक्षक दिलेन्द्र खत्रीले जानकारी दिए ।

हतियारसहित पक्राउ परेकाहरुलाई आवश्यक कारवाहीका लागि इलाका प्रहरी कार्यालय खजुरीको जिम्मा लगाइएको सशस्त्र प्रहरीले जनाएको छ ।

## स्कारपियोको ठक्करबाट एकको मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, १३ असार ।**

सप्तरीको डाक्नेश्वरी नगरपालिका वडा नं. १ कबिलासास्थित भित्री सडक खण्डमा स्कारपियोको ठक्करबाट सोमबार एक व्यक्तिको मृत्यु भएको छ ।

जन्तीमा आएको बा.१८च. ९३९० नं. को स्कारपियोले पछाडी ब्यक गर्ने क्रममा पैदल यात्री सोही पालिका वडा नं. ४ भुतही निवासी ५० वर्षिय रघुवीर रामलाई ठक्कर दिँदा उनको घट्नास्थलमै मृत्यु भएको प्रहरीले जनाएको छ ।

यता ठक्कर दिने स्कारपियो र चालकलाई प्रहरीले नियन्त्रणमा लिई थप अनुसन्धान गरिरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

## माईग्रेसन हराएको सुचना

राजबिराजबाट मेरो घर सडेपार जाने क्रममा मिति २०७९ असार २ गते बिहिवार कक्षा १२ को माईग्रेसन सर्टिफिकेट हराएकोले पाउनु हुने महानुभावले निम्न सम्पर्क नम्बरमा उपलब्ध गराईदिनु हुन बिनम्र अनुरोध गर्दछु ।

नाम : अरबिन्द्र कुमार देव
ठेगाना : तिलाठी कोईलाडी गाउपालिका ८ सडेपार, सप्तरी
सम्पर्क नम्वर : ९८०५९११५४६

## जनज्योती कृषि सहकारीमा सदस्यता किन ...?

नीति, कार्यविधि र सुशासनमा चलेको संस्था
रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यका आधारमा संचालित संस्था ।
आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था ।
विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुती गर्ने संस्था ।
प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था ।
नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था ।
उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था ।
सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था ।
सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था ।
सदस्य मैत्री बचत र ऋण सेवा सहितको संस्था ।
व्यवसायिक कार्यक्रम संचालन गरेको संस्था ।
कृषि पेशालाई प्रात्साहन गर्ने संस्था ।
सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था ।
त्यसैले आजै संस्थामा जुटौं, **"बचत गरौं समृद्ध वनौं"**

**जनज्योति कृषि सहकारी संस्था लि.**
**राजविराज ९ मलेठ, सप्तरी**
**सम्पर्क नं. ०३१-५९०६०१, ०३१५९०६०२, www.janajyoticoop.com.np**

# सम्पादकीय

## खानेकुराप्रति गम्भिर बनौं

जिल्लाका विभिन्न होटलहरुमा बासी तथा सडेगलेका खानेकुराहरु खुल्लेआम विक्रि भईरहेको छ । अधिकांश होटलहरुमा मिसावटयुक्त नास्ता र सडेगलेका बासी खानेकुराहरु विक्रि वितरण हुने गरेको छ । सर्वसाधारणहरुको स्वास्थ्यलाई सिधै हानि पुऱ्याउने खालका खानेकुराहरु विक्रि वितरण हुने गरेपनि त्यसलाई नियन्त्रण गर्नेतर्फ स्थानीय प्रहरी प्रशासन तथा सम्बन्धित निकायको ध्यान जान सकेको छैन ।

अधिकांश होटलहरुमा पाईने खानेकुराहरु न त छोपेको हुन्छ, न त स्वच्छ र सफा नै, तर पनि आमउपभोक्ताहरु रहर होईन बाध्यता भुख लागेको खण्डमा ती बाँसी तथा सडेगलेका खानेकुराहरु खादै आएका छन् । सर्वसाधारणको स्वास्थ्यमाथि खेलवाड गर्ने गरी खुल्लेआम मिसावटयुक्त तथा बासी र सडेगलेका खानेकुराहरु विक्रि वितरण गर्ने होटलहरुमा पटक पटक जिल्ला अनुगमन टोलीले पक्राउ गरेपनि कुनै ठोस आवश्यक कानुनी कार्बाही नगरेकै कारणले नगरमा यी बासी तथा सडेगलेका खानेकुराहरु विक्रि वितरण न्यूनिकरण हुनुको साटो झनै फष्टाउँदै गएको छ । जसको मुल कारण हो, जिल्लामा रहेका बजार अनुगमन टोली जुन जो सस्तो लोकप्रियताका लागि चाड पर्वको अवसरमा मात्र बजार अनुगमन गरी प्रक्रिया पुऱ्याउने गरिएको देखिन्छ ।

तसर्थ, सर्वसाधारणको स्वास्थ्यलाई प्रत्यक्ष असर पार्ने खानेकुराहरु प्रति सम्बन्धित निकायले नियमित रुपमा अनुगमन तथा कार्बाही प्रक्रिया अगाडी बढाउनुपर्ने जरुरी देखिन्छ ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

# मस्तिष्काघात : 'समयमै विशेषज्ञ उपचार पाए पूर्ववत् अवस्थामा फर्किन सकिन्छ'

काठमाडौँ, १३ असार (रासस) ।

मस्तिष्काघात उपचार सेवामा नेपाली नसारोग चिकित्सकले हासिल गरेको उपलब्धिलाई भारतीय नसारोग विशेषज्ञ चिकित्सकले उच्च प्रशंसा गरेका छन् ।

बाँसबारीस्थित उपेन्द्र देवकोटा मेमोरियल न्युरो हस्पिटलले अन्तर्राष्ट्रियस्तरको मस्तिष्क तथा नसारोग स्वास्थ्य सेवा (जनशक्ति तथा उपकरण) प्रदान गर्दै आएको जनाउँदै उहाँहरूले अगामी दिनमा जनस्वास्थ्यको प्रमुख समस्याका रुपमा देखा पर्दै गएको मस्तिष्क र नसा रोग न्यूनीकरणकरण गर्न सहकार्य जारी रहने प्रतिबद्धता व्यक्त गरे ।

हस्पिटलद्वारा निरन्तर चिकित्सा शिक्षा शृङ्खलाअन्तर्गत 'बृहत्तर मस्तिष्क शिक्षा' विषयक आयोजित प्रवचन कार्यक्रममा सहभागी वरिष्ठ भारतीय नसारोग विशेषज्ञले गुणस्तरीय मस्तिष्क उपचार सेवा विस्तार तथा यसका बारेमा समुदायलाई जानकारी गराउन सरकारलाई सुझाव दिए ।

उहाँहरूले मस्तिष्काघात हुनेबित्तिकै जतिसक्दो छिटो विशेषज्ञ उपचार सेवा र प्रविधिका पहुँचमा पुग्न सकिएमा पूर्ववत् अवस्थामा फर्किने सम्भावना उच्च हुने र 'प्यारालाइसिल' हुनबाट जोगिन सकिने औँल्याए । कार्यक्रममा अल इन्डिया इन्स्टिच्युट अफ मेडिकल साइन्सेज नयाँ दिल्लीका डा शैलेश गैकवडा, मेदान्तका न्युरो इन्टरभेन्सन विशेषज्ञ डा गौरव गोयल, एपोलो हस्पिटलका न्युरो इन्टरभेन्सन विशेषज्ञ डा निश्चिट जैनले अलग अलग कार्यपत्र प्रस्तुत गर्दै मस्तिष्काघातका समयमा उपचारमा ल्याउन सकिएमा अपाङ्ग हुनबाट जोगाउन सकिने जनाउँदै यस्ता उपचार सेवा विस्तार गर्न आवश्यक रहेकोमा जोड दिनुभयो ।

उहाँहरूले भन्नुभयो, "उपेन्द्र देवकोटा मेमोरियल न्युरो हस्पिटलमा उपलब्ध सेवा र प्रविधि विश्वगुणस्तरका छन् । मस्तिष्क र नसाको उपचार गर्ने चिकित्सकीय विधि प्रायः समान छन् ।" कार्यक्रममा इन्टरभेन्सनल रेडियोलोजिष्ट डा सुबास फुयालले बाँसबारीस्थित उपेन्द्र देवकोटा मेमोरियल न्युरो हस्पिटलले 'बाइ प्लेन क्याथल्याब' मार्फत 'न्युरो इन्टरभेन्सन' सेवा सुरुआत गरेको जानकारी दिनुभयो ।

यसैगरी नसारोग विशेषज्ञ डा एञ्जिलमणि सिंह महर्जनले मस्तिष्काघात हुने समस्या दिनानुदिन वृद्धि हुँदै गएको जनाउँदै यसको न्यूनीकरणका लागि उपचार सेवा विस्तार र जनचेतना जगाउन आवश्यक भएकामा जोड दिनुभयो ।

यसैगरी हस्पिटलका नसारोग विशेष डा शिखर श्रेष्ठले पक्षघातजस्तो आपत्कालीन स्वास्थ्य समस्यालाई सम्बोधन गर्न विशेष प्रविधि र जनशक्तिमा राज्यले लगानी बढाउन पर्छ भन्नुभयो । कार्यक्रममा हस्पिटलका वरिष्ठ नसारोग विशेषज्ञ डा सौरव लामिछानेले मस्तिष्काघातको नेपालको अवस्थाका बारेमा जानकारी दिनुभएको थियो । हस्पिटलका कार्यकारी अध्यक्ष प्रा डा मधुदीक्षित देवकोटाले आगामी दिनमा निरन्तर चिकित्सा शिक्षा शृङ्खला जारी रहने जानकारी दिनुभयो ।

**'बाइ प्लेन क्याथल्याब' : 'न्युरो इन्टरभेन्सन' मा वरदान**

नेपालमा पहिलोपटक उपेन्द्र देवकोटा मेमोरियल न्युरो हस्पिटलले सुरआत गरेको 'बाइ प्लेन क्याथल्याब' मार्फत 'न्युरो इन्टरभेन्सन' सेवा बिरामीका लागि वरदान सावित भएको छ । अत्याधुनिक तथा विश्वस्तरीय सो उपकरणसहित विशेषज्ञ चिकित्सकको सेवाबाट धेरैले अकालमा ज्यान जोगाएका छन् ।

इन्टरभेन्सनल रेडियोलोजिष्ट डा फुयालका अनुसार इन्डोभास्कुलर वा न्युरो इन्टरर्भेन्सन भनेको बिना शल्यत्रिया क्याथेटरको माध्यमबाट बन्द भएको मस्तिष्कको नसा खोल्ने वा फुटेको मस्तिष्कको नसालाई 'रिपेयर' गर्ने पद्धति हो । यस प्रविधिमा हात वा खुट्टाको नसाबाट क्याथेटर पठाएर मस्तिष्कको नसाभित्र जमेको रगत थेग्लो निकालिन्छ । टाउको नखोलिकन नै मस्तिष्कभित्र गहिराईमा रहेको रक्तनलीभित्र शल्यक्रिया गरिन्छ र बिरामीलाई सञ्चो बनाइन्छ ।

उहाँ अल इन्डिया इन्स्टिच्युट अफ मेडिकल साइन्सेज नयाँ दिल्लीबाट न्युरो इन्टरभेन्सनमा डीएम उपाधि हासिल गर्ने पहिलो नेपाली चिकित्सक हुनुहुन्छ । उहाँले भन्नुभयो, "यस पद्धतिमा शल्यक्रियाका लागि टाउको नखोलिने भएकाले बिरामीलाई छिट्टै घर पठाउन सकिन्छ । उपचारमा जोखिमसमेत धेरै कम हुन्छ । मस्तिष्कको समस्याजस्तै, मस्तिष्कघात, एन्युरिजम ( रक्तनलीको फोको), घाँटीको नसा सुक्ने, मेरुदण्डको नसासम्बन्धि समस्यामा न्युरो इन्टरभेन्सन पद्धतिबाट उपचार गर्न सकिन्छ ।"

नसारोग विशेष डा श्रेष्ठका अनुसार उच्च रक्तचापका कारण मस्तिष्कको नसा कमजोर भई 'ब्रेन हेमोरेज' पनि हुनसक्छ । यसो हुँदा विगतमा टाउको खोलेर फुटेको नसा सिलाइन्थ्यो । यसरी टाउको खोलेर शल्यक्रिया गर्दा जटिलताका साथ-साथै अस्पतालको बसाई पनि लम्बिन्थ्यो । तर अहिले एन्युरिज्मका कारण हुने ब्रेन हेमोरेज भएका व्यक्तिलाई तारको माध्यमबाट खुट्टाको नसा हुँदै च्यातिएको नसा भित्रभित्रै सिलाइन्छ । यसलाई क्वाइलिङ भनिन्छ । यस्ता बिरामीलाई साधारणतया पाँच-सात दिनभित्र घर पठाउन सकिन्छ । उहाँले भन्नुभयो, "तार (क्याथेटर) को माध्यमबाट शल्यक्रिया गर्दा इन्फेक्सन हुने, लामो समयसम्म सघन उपचार कक्ष (आइसियु)मा बस्नुपर्नेलगायतका समस्याबाट पनि छुटकारा पाउन सकिन्छ ।"

हालसम्म चार सयभन्दा वढी बिरामीले 'बाइ प्लेन क्याथल्याब' मार्फत 'न्युरो इन्टरभेन्सन' सेवा लिइसकेका छन् । क्याथल्याबमार्फत मस्तिष्कभित्रको रक्तनलीसम्बन्धी रोगजस्तै नसा बन्द हुनु, रगतको नसाको फुकुण्डो फुट्नु र रगतको गुच्छाको सफल उपचार भएको छ । यी सेवा प्रदान गर्न प्राविधिकरुपमा अत्यन्त चुनौतीपूर्ण मानिन्छ । हस्पिटलका कार्यकारी अध्यक्ष प्रा डा देवकोटाले भन्नुभयो, "जीवनशैली, तथा खानपानमा आएको परिवर्तन, हिँडडुल र शारीरिक व्यायामको कमी, मद्यपान र धूमपानको बानीले गर्दा रगतमा तैलीय पदार्थको मात्रा बढी हुँदा यसले रक्तनलीको रोग निम्त्याउँछ । यसले उच्च रक्तचाप, मस्तिष्कघात र मुटुको समस्यामा वृद्धि भएको छ ।"

अस्पतालले दुईवर्ष अगाडि नै मस्तिष्काघात उपचार सेवाका लागि नै पहिलोपटक विश्वस्तरीय आइसियु सञ्चालनमा ल्याएको थियो । नसारोग विशेषज्ञ डा महर्जनका अनुसार मस्तिष्कमा अर्बौं कोशिका हुन्छन् । मस्तिष्कघात भई रक्तनली बन्द भएर उपचार नपाएको खण्डमा प्रतिमिनेट करिब २० लाख मस्तिष्कका कोषिका मर्दछन् । यसैले मस्तिष्कघातलाई आपतकालीन स्वास्थ्य समस्या भनिन्छ । मस्तिष्कघात भएका बिरामीको उपचार विगतमा 'थ्रोम्बोलाइसिस'मा सीमित थियो ।

उहाँले भन्नुभयो "न्युरो इन्टरभेन्सन पद्धतिमा औषधिको प्रयोगबाट रगतको थेग्लो पगाल्ने गरिन्छ । यसका लागि मस्तिष्कघात भएको साढे चार घण्टाभित्र बिरामीलाई अस्पताल पुऱ्याएमा उपचार सेवा बढी प्रभावकारी हुन्छ तर अहिले सो पद्धतिबाट २४ घण्टासम्म पनि यस्ता बिरामीलाई अस्पताल पुऱ्याउन सकेमा बन्द भएको ठूलो रगतको नसाबाट थेग्लो निकालेर बिरामीलाई पूर्ववत् अवस्थामा ल्याउन सकिन्छ ।"

**के हो मस्तिष्काघात ?**

मस्तिष्क शरीरको सबैभन्दा महत्वपूर्ण अङ्ग हो । यसलाई निरन्तर पोषण र अक्सिजन आवश्यक पर्दछ । यो रक्त नलीको माध्यमबाट मस्तिष्कमा पुग्दछ । मस्तिष्कको रक्तनलीमा अवरोध भए वा फुट्न गएमा मस्तिष्कमा रगत आपूर्ति कम भई स्नायु कोषिकामा तत्काल क्षति पुग्छ । यसरी उत्पन्न हुने समस्यालाई मस्तिष्काघात भनिन्छ । यसले स्नायु र स्नायुतन्तुमा स्थायी क्षति पुऱ्याइ अकालमा ज्यानसमेत जान सक्छ र बाँच पनि विकलाङ भई परनिर्भर हुनुपर्ने बाध्यता आउन सक्छ । पछिल्लो समय नेपालमा मृत्युको तेस्रो कारण मस्तिष्काघात रहेको जनाइएको छ । सन् २००९ देखि २०१९ का बीचमा मस्तिष्काघात हुने समस्या ४० प्रतिशतले वृद्धि भएको एक अध्ययनले जनाएको छ । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयसँग मस्तिष्काघातबाट बर्सेनि कतिजनाले अकालमा मृत्यु गर्दछन् भन्ने तथ्याङ्क नै छैन ।

**मस्तिष्काघातका लक्षण**

चिकित्सकका अनुसार मस्तिष्काघात उभिँदा शरीरको सन्तुलन नमिल्ने, आँखाले नदेख्ने वा आँखा धमिलो हुने एक्कासी मुख एकातिर बाँङ्गिने, हातखुट्टा एक्कासि कमजोर हुने, बोली नआउने वा बोली लरबराउने र शरीररको एक भाग (हर) कमजोर हुन सक्छ । ती लक्षण पहिचान गर्न चिकित्सकले छोटकरीमा 'वि फास्ट' अर्थात् (सन्तुलन नहुन, रिङ्गटा लाग्नु, आँखा धमिलो देख्नु, अनुहार बाङ्गिनु, हातखुट्टा लुलो हुनु, बोली लर्बराउनु, बोल्न नसक्नु, समय खेर नफाली अस्पताल पुऱ्याउनु) नामकरण गरेका छन् ।

**मस्तिष्काघात कसलाई हुनसक्छ ?**

५० वर्ष उमेर नाघेका, उच्च रक्तचाप भएका, धूमपान र मद्यपान सेवन गर्ने व्यक्ति, मधुमेह, उच्च कोलस्टोर भएका, तनावपूर्ण जीवनशैली जिउने व्यक्ति, मुटु तथा रक्तसञ्चारसम्बन्धी समस्या भएका, परिवारमा मस्तिष्कघातको इतिहास भएका तथा हालसालै

*बाँकी तीन पृष्ठमा*

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. कालीप्रसाद यादव
Dr. Kali Prasad Yadav
MBBS, MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 13203
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), मुटु, दम तथा श्वासप्रश्वास, पेट तथा कलेजो, मृगौला, छाती, थाईरोइड सम्बन्धी रोग
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# एघार महिनामा नेपालीले खाए १६ अर्बको फलफूल

नवीन पौडेल

काठमाडौँ, १३ असार (रासस)।

देशको परिचय कृषि प्रधान। खेतीपाती गर्ने जमिन बाँझो। खेती गर्ने युवाजति खाडीमा। तिनै युवाले पठाएको विप्रेषणको पैसा खर्च गरेर विदेशबाट खाद्यान्नको आयात गर्नु परिरहेको डरलाग्दो तथ्याङ्क सार्वजनिक भएको छ।

भन्सार विभागले हालै सार्वजनिक गरेको चालु आवका ११ महिनामा रु १६ अर्ब बढीको कृषि तथा फलफूल आयात भएको पाइएको छ। मुलुकका दुई तिहाइभन्दा बढी जनता कृषिमा आश्रित रहेका र कूल गार्हस्थ्य उत्पादन (जिडिपी)मा कृषि क्षेत्रको योगदान एक तिहाइभन्दा बढी रहेको अवस्थामा समेत फलफूको आयातमा अर्बौं रकम बाहिरिरहेको छ।

चालु आवको पहिलो ११ महिनामा फलफूलको आयातका कारण रु १६ अर्ब २१ करोडभन्दा धेरै रकम विदेशिएको भन्सार विभागले सार्वजनिक गरेको तथ्याङ्कमा उल्लेख छ। मुलुकको आर्थिक क्षेत्रमा कृषिको योगदान उल्लेख्य रहे पनि अझै कूल कृषियोग्य जमिनमध्ये धेरै बाँझो छ। यस्ता कृषियोग्य भूभागको थोरै मात्राको सही र व्यवस्थित उपयोग गर्नसके कृषिजन्य उपभोग्य वस्तुमा आत्मनिर्भर हुने अवस्था ल्याउन सकिन्छ। यस्ता उपभोग्य वस्तु आयात गरी अर्बौं रकम विदेशिनबाट जोगिन सक्ने देखिएको छ।

भन्सार विभागले चालु आवको जेठ मसान्तसम्मको आयात तथा निर्यातको अवस्थाबारेमा सार्वजनिक गरेको विवरणानुसार मुलुकले फलफूलका साथै दैनिक उपभोग्य वस्तुको आयातबाट अर्बौं रकम बाहिर पठाएको देखिन्छ भने नेपालमै उत्पादन गर्न सकिने कृषिउपजसमेत अत्यधिक आयात भइरहेको देखिन्छ।

चालू आवको समीक्षा अवधिमा मुलुकमा रु १६ अर्ब २१ करोडभन्दा बढी रकम ताजा तथा सुकेका फलफूल आयातमा बाहिरिएको विभागले सार्वजनिक गरेको विवरणमा उल्लेख छ।

**छ अर्ब ६५ करोडको स्याउ आयात**

विभागका अनुसार चालू आवको जेठ मसान्तसम्म रु छ अर्ब ६५ करोड ११ लाख ९९ हजार मूल्य बराबरको आठ करोड १५ लाख ३८ हजार ४२६ किलो स्याउ आयात भएको छ। त्यसबाट सरकारले रु ६३ करोड ५८ लाख ७८ हजार बराबरको राजस्वसमेत सङ्कलन गरेको छ।

स्याउ चीनबाट सबैभन्दा धेरै भित्रिएको तथ्याङ्कमा उल्लेख छ। चीनबाट मात्र रु पाँच अर्ब ४८ करोड ८० लाख १७ हजार बराबरको स्याउ आयात भएको छ। त्यस्तै भारतबाट रु एक अर्ब १५ करोड ५९ लाख ८३ हजार, अमेरिकाबाट रु ४४ लाख १३ हजार, टर्कीबाट रु २६ लाख २५ हजार र गिनी बिसाउबाट रु एक लाख ६१ हजार बराबरको स्याउ आयात भएको विवरणमा उल्लेख छ।

**दुई अर्ब बढीको अङ्गुर आयात**

चालु आवको जेठ मसान्तसम्म रु दुई अर्ब १९ करोड ५३ लाख ३५ हजारको तीन करोड २१ लाख ३१ हजार ७९२ किलो अङ्गुर आयात भएको देखिन्छ। त्यसबाट सरकारले रु ११ करोड ११ लाख ७४ हजार राजस्व सङ्कलन गरेको जनाइएको छ।

**एक अर्ब ५७ करोडको केरा आयात**

नेपालीले ११ महिनाको अवधिमा रु एक अर्ब ५७ करोड ४७ लाख ५३ हजार बराबरको केरा आयात गरेको छ। चालु आवको जेठ मसान्तसम्म कूल छ करोड २१ लाख ६३ हजार ९८८ किलो केरा आयात भएको छ। त्यसबाट सरकारले रु १९ करोड १२ लाख तीन हजार राजस्व सङ्कलन गरेको छ।

विभागको विवरणानुसार सुन्तलाको आयात पनि उस्तै छ। एघार महिनाको अवधिमा मात्रै रु एक अर्ब २४ करोड ८६ लाख २१ हजार बराबरको दुई करोड २८ लाख चार हजार १७३ किलो सुन्तला आयात भएको छ।

त्यस्तै जेठ मसान्तसम्म एक करोड चार लाख ८४ हजार १०१ किलो अनार आयात भएको छ। त्यसका लागि रु एक अर्ब नौ करोड तीन लाख ९८ हजार रकम बाहिरिएको छ। यस्तै खरबुजा एक करोड ९७ लाख ३९ हजार २७७ किलो आयात भएको छ। खरबुजाको आयात मूल्य रु ५१ करोड ३१ लाख ९१ हजार बराबर छ।

नेपालको हावापानी सुहाउँदो फलका रुपमा रहेको मेवाको आयातसमेत उच्च देखिन्छ। विभागका अनुसार चालु आवको ११ महिनामा ६६ लाख ४४ हजार १६१ किलो मेवा आयात भएको देखिन्छ। मेवाको आयात मूल्य रु २३ करोड ४० लाख दुई हजार बराबर छ।

यस अवधिमा २१ लाख ९४ हजार १९९ किलो नास्पाती रु १५ करोड आठ लाख ३९ हजार बराबरको आयात भएको छ भने २६ लाख ८५ हजार ६९१ किलो भुँइकटहर (ताजा र सुकेका) रु १२ करोड चार लाख ६२ हजारको आयात भएको छ। अम्बा र आँप रु ७१ करोड ७५ लाख ९४ हजार बराबरको आयात भएको देखिन्छ।

दुई लाख ४५ हजार ८६९ किलो एभोगाडो रु छ करोड ९१ लाख बराबरको आयात भएको छ भने व्यावसायिकरुपमा मुलुकमै खेती गरिने किबी रु छ करोड २२ लाख ६९ हजार बराबर मूल्यमा तीन लाख ३५ हजार ५४७ किलो आयात भएको छ। चालु आवको समीक्षा अवधिमा नौ लाख ९१ हजार २२८ किलो लिची रु तीन करोड ८७ लाख ६६ हजार मूल्यमा आयात भएको छ। उल्लेखितबाहेक अन्य ताजा तथा सुकेका फलफूल करोडौँ मूल्यमा आयात भएको विभागले सार्वजनिक विवरणमा उल्लेख छ।

### *मस्तिष्काघात : 'समयमै...*

अथवा पुरानो मस्तिष्क सङ्क्रमणले ग्रस्त बिरामीलाई यसको जोखिम हुनसक्ने जनाइएको छ। चिकित्सकका अनुसार मस्तिष्कघात दुई किसिमले हुनसक्छ। एक मस्तिष्कभित्रको रक्तनलीमा रगतको थेग्लो जमेर र अर्को मस्तिष्कमा रगत आपूर्ति गर्ने धमनी फुटेर। मस्तिष्काघात भएका अवस्थामा बन्द भएको नली खुलाउन औषधि र रक्तनलीभित्र शल्यक्रिया गरी दुई किसिमबाट उपचार हुने जनाइएको छ।

# सामुदायिक विद्यालय र अस्पतालमा इन्टरनेट विस्तार गरिनेछ : मन्त्री कार्की

काठमाडौँ, १३ असार (रासस)।

सञ्चार तथा सूचना प्रविधिमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले देशभरका सामुदायिक विद्यालय र अस्पतालमा इन्टरनेट सेवा विस्तार गरिने बताउनुभएको छ। राष्ट्रियसभाको सोमबारको बैठकमा विनियोजन विधेयक माथिका जिज्ञासाको जवाफ दिँदै उहाँले आगामी आवदेखि सामुदायिक विद्यालय र अस्पतालमा इन्टरनेट सेवा विस्तारका लागि न्यूनतम ५० प्रतिशत अनुदान दिइने बताउनुभयो।

उहाँका अनुसार गुणस्तरीय स्वास्थ्य सेवा विस्तार गर्न टेलिमेडिसन सेवा विस्तार गरिने सरकारको योजना छ। सातै प्रदेशका सामुदायिक विद्यालयमा एकै प्रकारको शिक्षा दिइने लक्ष्यअनुसार आगामी आवमा कम्तीमा १०० विद्यालयमा दूरशिक्षा कार्यक्रम लागू गरिने मन्त्री कार्कीले बताउनुभयो।

डिजिटल साक्षरतालाई अभियानका रूपमा अघि बढाइने जानकारी दिँदै उहाँले सूचनाको सुरक्षित प्रयोग गरी सबै नागरिकको दैनिक क्रियाकलापमा सघाउ पु¥याउन साइबर सुरक्षासम्बन्धी कार्यक्रम अघि बढाइएको बताउनुभयो। साइबर सुरक्षाका सम्बन्धमा जनचेतना बढाउने सामग्री तयार गरिएको र साइबर सुरक्षासम्बन्धी नीतिको मस्यौंदा तयार भइरहेको मन्त्री काकीले बताउनुभयो।

उहाँले सूचना र प्रविधिको क्षेत्र विश्वमा नै महत्वपूर्ण क्षेत्र भएको र सरकारले देशभर सूचना प्रविधिको गुणस्तर वृद्धि गरी सबैमा पहुँच विस्तार गर्न दूरसञ्चार पूर्वाधार विस्तारलाई जोड दिएको बताउनुभयो। मन्त्री कार्कीका अनुसार देशका ७५३ स्थानीय तहमध्ये ७३५ स्थानीय तहमा 'फोर जि' विस्तार सेवा पुगेको छ। चालु आवमा मात्र एक हजार ५९४ किलोमिटर अप्टिकल फाइबर विस्तार भएको र ६४३ मोबाइल टावर निर्माण भएका उहाँले बताउनुभयो। मोबाइल सेवाको गुणस्तरमापन गर्ने क्रममा गरिएको अध्ययनको प्रारम्भिक प्रतिवेदन प्राप्त भएको जानकारी दिँदै सरकारका प्रवक्तासमेत रहनुभएका मन्त्री कार्कीले भन्नुभयो, "यसमा दिइएका सुझावको कार्यान्वयन गरी मोबाइल सेवाको गुणस्तर कायम राख्ने निरन्तरता दिइनेछ।"

सूचना र प्रविधिले मानवको हरेक क्षेत्रमा प्रभाव पारेको र विशेषगरी आर्थिक तथा शैक्षिक सामाजिक क्षेत्रमा इन्टरनेट सेवाको पहुँच र प्रयोग बढेसँगै सूचना प्रविधि मानव सभ्यताको बहुआयामिक विषयको एक अभिन्न अङ्ग बनेको मन्त्री कार्कीले बताउनुभयो। सरकारले सूचना

*बाँकी अन्तिम पृष्ठमा*

## विश्व समाचार

### भारतमा एघार हजार पाँचसयभन्दा बढी कोरोना सङ्क्रमित

नयाँदिल्ली, १३ असार (रासस/सिन्ह्वा)।

आइतबार मध्यराति अर्थात २४ घण्टाको समयावधीमा भारतमा कोरोना भाइरसबाट थप १७ हजार ७३ सङ्क्रमित भएका केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले सोमबार जानकारी दिएको छ। हाल भारतमा कोरोनाका कुल सङ्क्रमितको सङ्ख्या चार करोड चार करोड ३४ लाख ७ हजार ४६ जना पुगेको छ।

हाल भारतमा ९४ हजार ४२० सक्रिय सङ्क्रमित रहेका समाचारमा जनाएको छ। सक्रिय सङ्क्रमितको यो सङ्ख्या कुल सङ्क्रमितको ०.२० प्रतिशत हो।

पछिल्लो एक दिनमा पन्ध्र हजार २०८ कोरोना भाइरसबाट सङ्क्रमणमुक्त भएका छन्। योसँगै भारतमा अहिलेसम्म सङ्क्रमणमुक्त भएकाको कुल सङ्ख्या चार करोड २७ लाख ८७ हजार ६०६ पुगेको छ। कोरोना भाइरस निको भएको यो दर ९८.६० प्रतिशत रहेको छ।

भस्आइतबार मध्यरातिसम्म अर्थात गत २४ घण्टासम्म कोरोना सङ्क्रमणमा २१ जनाको मृत्यु भएको थियो। कोरोना शुरु भएबाट हालसम्म यस महामाहरीको कारण पाँच लाख २५ हजार २० भन्दाबढीको मृत्यु भएको समाचारमा जनाइएको छ।

भारतमा सन् २०२१ को जनवरी १६ बाट कोरोना भाइरसविरुद्ध खोप अभियान शुरु भएको थियो। सो समयदेखि हालसम्म एक अर्व ९६ करोड ८४ लाख डोज भन्दा बढी खोप लगाइएको समाचारमा जनाइएको छ। यहाँ कोरोना सङ्क्रमण शुरु भएबाट हालसम्म ८६ करोड भन्दा बढीको कोरोना भाइरस परीक्षण भएको बताइएको छ।

### भारतमा विपक्षीको तर्फबाट राष्ट्रपतिका लागि उम्मेदवारी दर्ता

नयाँ दिल्ली, १३ असार (रासस/एएनआई)।

भारतमा आसन्न राष्ट्रपतीय निर्वाचनका लागि विपक्षी दलको तर्फबाट उम्मेदवारी दर्ता गरिएको छ। प्रमुख विपक्षी दल भारतीय राष्ट्रिय काँग्रेसको प्रस्तावमा यसवन्त सिंहले सोमबार राष्ट्रपतिका लागि उम्मेदवारी दर्ता गराउनु भएको हो।

उहाँको उम्मेदवारीका लागि संसद भवन गएका बेला काँग्रेसका पूर्व अध्यक्ष राहुल गान्धी, राष्ट्रवादी काँग्रेस पार्टीका प्रमुख शरद पवार, समाजवादी पार्टीका प्रमुख अखिलेश यादव, जम्मु एण्ड काश्मिर नेश्नल कन्फेरेन्सका प्रमुख फारुक अब्दुल्लाह, तेलङगना राष्ट्र समितिका नेता तथा तेलङ्गनाका मन्त्री के टी रामा राओलगायतको उपस्थिति रहेको थियो। ती सबै पार्टीको तर्फबाट उहाँलाई समर्थन रहेको जनाइएको छ।

यसअघि गत शुक्रबार राष्ट्रपतिका उम्मेदवार सिंहले आफू निर्वाचित भएमा आफूले सँधै किसान, मजदुर, बेरोजगार युवा, महिला र सबै अल्पसङ्ख्यकहरुको आवाज उठाइरहने प्रतिवद्धता जनाउनु भएको थियो। विपक्षी दलहरुले आफूलाई राष्ट्रपतिका लागि साझा उम्मेदवार बनाउने निर्णय निर्विरोध रुपमा गरेकोमा पनि उहाँले सबैलाई धन्यवाद दिनु भएको छ।

भारतमा आगामी जुलाई १८ मा राष्ट्रपति चयनका लागि निर्वाचन हुन लागेको छ। एनडीएको तर्फबाट भने द्रौपती मुर्मुले गत जुन २४ मै उम्मेदवारी दर्ता गराउनु भएको छ।


### जापानमा गर्मी बढ्यो, तातो हावाले असर गर्न सक्ने

टोकियो, १३ असार (रासस/एएफपी)।

जापानमा गर्मी बढ्दो रुपमा रहेको पाइएको छ। यहाँका अधिकारीहरुका अनुसार यहाँ प्रत्येक दिनजसो बढी भन्दा बढी मात्रामा गर्मी बढिरहेको पाइएको छ। अधिकारीहरुले यहाँको गर्मी इतिहासमै सबैभन्दा धेरै रेकर्ड भएको पाइएको बताएका छन्। उनीहरुका अनुसार यहाँको तातो हावा र गर्मीका कारण उर्जा आपूर्तिको प्रणालीमा पनि असर गर्न सक्ने देखिएको छ।

बढी तातोका कारण यस्तो हुन सक्ने भन्दै सर्वसाधारणमा सूचना जारी गरिएको छ। विशेषगरी जापानको राजधानी टोकियोमा पनि गर्मीको असर देखिएको छ। यहाँको तापक्रम आइतबार ३४ डिग्री सेल्सियसमा रहेको थियो भने सोमबार थप एक बढेर ३५ डिग्री सेल्सियस पुगेको बताइएको छ।

यो तापक्रम आगामी केही दिनसम्म अझै बढ्न सक्ने भन्दै जापानको जापान मेट्रोलोजिकल एजेन्सीले सतर्क रहन र तातो हावा र मौसमबाट बच्न सक्ने उपायहरु अपनाउन सूचना पनि जारी गरेको छ। जापानको मन्त्रिपरिषदका प्रवक्ता योसिहिको इसोजाकीले सर्वसाधारणहरुलाई अति आवश्यक बाहेकका काममा बाहिर ननिस्किन, इन्धनको खपत कम गर्न पनि आग्रह गरिएको जानकारी सोमबार आयोजना गरिएको एक पत्रकार सम्मेलनमा दिनुभएको समाचारमा जनाइएको छ।

डा. आदर्श कुमार सिंह
Dr. Adarsh Kumar Singh

MBBS, MD TU
NMC Reg. No. : 9413
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), मुट्ु, दम एवम् श्वास प्रश्वास, पेट तथा कलेजो रोग मृगौला, छाती, थाइराइड सम्बन्धि रोग

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
वरिष्ठ नवजात शिशु तथा बालरोग

सम्पर्क : जयश्री कृष्ण फार्मेशी
गजेन्द्र नारायण सिंह अस्पताल (दक्षिण गेट), हनुमाननगर रोड, राजविराज, सप्तरी
Phone : 031-533774 / Mo. No : 9819721526, 9852820734

# नवनियुक्त मन्त्रीहरुद्वारा शपथ

काठमाडौँ, १३ असार (रासस)।

राष्ट्रपति विद्यादेवी भण्डारीसमक्ष नवनियुक्त चार मन्त्रीले सोमबार पद तथा गोपनीयताको शपथ लिनुभएको छ।

राष्ट्रपति भवन शीतल निवासमा आयोजित विशेष समारोहमा नेकपा (एकीकृत समाजवादी) का तर्फबाट नवनियुक्त मन्त्रीहरुले शपथ लिनुभएको हो।

नयाँ मन्त्रीहरुमा जीवनराम श्रेष्ठ-संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, मेटमणि चौधरी-सहरी विकास मन्त्रालय, भवानीप्रसाद खापुङ- स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय र शेरबहादुर कुँवर- श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय हुनुहुन्छ।

राष्ट्रपति भण्डारीले मौजुदा मन्त्रिपरिषद्मा नेपालको संविधानको धारा ७६ को उपधारा (९) तथा धारा ७८ को उपधारा (१) बमोजिम प्रधानमन्त्री शेरबहादुर देउवाको सिफारिसमा चार मन्त्री र एक राज्यमन्त्रीको नियुक्ति र कार्य विभाजन तोक्नुभएको थियो।

मन्त्रीहरुको शपथपछि शीतल निवासमै राष्ट्रपति भण्डारीको उपस्थितिमा प्रधानमन्त्री देउवासमक्ष नवनियुक्त स्वास्थ्य तथा जनसङ्ख्या राज्यमन्त्री हीराचन्द्र केसीले पद तथा गोपनीयताको शपथ लिनुभयो।

समारोहमा उपराष्ट्रपति नन्दबहादुर पुन, प्रतिनिधिसभाका सभामुख अग्निप्रसाद सापकोटा, मन्त्रीगण, संवैधानिक निकायका प्रमुख र पदाधिकारीलगायतको उपस्थिति रहेको थियो।

# ४१ जना सङ्क्रमित थपिए

काठमाडौँ, १३ असार (रासस)।

पछिल्लो २४ घण्टामा ४१ जनामा कोरोना भाइरस सङ्क्रमण पुष्टि भएको छ। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले सोमबार सार्वजनिक गरेको बुलेटिनअनुसार तीन हजार ३५८ जनामा परीक्षण गर्दा सो सङ्ख्यामा सङ्क्रमण पुष्टि भएको हो।

मन्त्रालयका अनुसार हाल २०८ जना सक्रिय सङ्क्रमित छन्। सो अवधिमा २० जना सङ्क्रमणमुक्त भएका छन्। योसँगै सङ्क्रमणमुक्त हुनेको सङ्ख्या नौ लाख ६७ हजार ४०९ पुगेको छ। सङ्क्रमितमध्ये सङ्क्रमणमुक्त हुने दर ९८.८ प्रतिशत रहेको मन्त्रालयले जनाएको छ।

सोमबार एक लाख २७ हजार ७९२ जनाले कोरोना भाइरस विरुद्धको खोप लगाएका छन्। मन्त्रालयले यही असार ९ देखि १५ गतेसम्म ५ वर्षदेखि १२ वर्ष मुनिका बालबालिकालाई कोरोना भाइरस विरुद्धको पहिलो खोप लगाइरहेका छन्।

हाल होम आइसोलेशनमा २०२, संस्थागत आइसोलेशनमा ६ जना र तीन जनाको सघन उपचार कक्ष (आइसियु)मा उपचार भइरहेको छ।

इपिडिमियोलोजी तथा सरुवा रोग नियन्त्रण महाशाखाका निर्देशक डा चुमनलाल दासले सङ्क्रमण बढिरहेको बताउनुभयो। सङ्क्रमण बढेसँगै भारतबाट नेपाल आउनेमा कोरोना परीक्षण सुरु गरिएको र उनीहरूमा कोरोनासँगै मलेरिया सङ्क्रमण पनि भेटिएको उहाँले जानकारी गराउनुभयो।


## मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जँगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने। पोखरीको डिल र साईडमा भएका झारपात हटाउने। आबश्यकता अनुसार मर्मत सम्भार गर्ने।

**घर पोतने चुना** :१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने।

**मल:** गोबर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने। उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ। कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर)।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिँग ५-६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ। तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी-१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी-२ | स्टोकिङ्ग डेन्सिटी-३ | स्टोकिङ्ग डेन्सिटी-४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रह | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**मछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | धाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**
**मोवाईल नं. ९८५२८२०९३५**


# प्रतिनिधिसभा निर्वाचनमा कैदीबन्दीलाई पनि सहभागी गराउन आदेश

काठमाडौँ, १३ असार (रासस)।

सर्वोच्च अदालतले आगामी प्रतिनिधिसभा सदस्य निर्वाचनमा समानुपातिकतर्फ कैदीबन्दीको मतदाता नामावाली सङ्कलन तथा अध्यावधिक गर्न अन्तरिम आदेश गरेको छ।

न्यायाधीश सपना मल्ल प्रधानको एकल इजलासले शुक्रबार सरकारको नाममा उक्त अन्तरिम आदेश गरेको हो। आदेशमा भनिएको छ, "हाल मिति २०७९/३/१ देखि निर्वाचन आयोगले मतदाता नामावली सङ्कलन तथा अध्यावधिक कार्य सञ्चालन अवस्थामा रहेको हुँदा हाललाई आगामी हुने प्रतिनिधिसभा सदस्य निर्वाचनमा समानुपातिकतर्फको निर्वाचन प्रयोजनका लागि कैदीबन्दीको मतदाता नामावली सङ्कलन तथा अध्यावधिक गर्नु गराउनु।"

विसं २०६४ र २०७० पहिलो र दोस्रो संविधानसभा सदस्य निर्वाचनमा सरकारी सरकारी कार्यालय, स्थानीय निकाय वा नेपाल सरकारको स्वामित्व वा नियन्त्रणमा रहेको संस्थामा कार्यरत कर्मचारी, सैनिक वा प्रहरी ब्यारेकमा रहेका व्यक्ति वा तत्कालीन अवस्थामा अस्थायी शिविरमा रहेका माओवादी सेनाका लडाकु, कारागारमा रहेका कैदी वा थुनुवाको नाम अस्थायी मतदाता नामावलीमा समावेश गरिएको र मतदान अधिकार दिएको आदेशमा जानकारी गराइएको छ।

नेपालको संविधानको प्रस्तावनामा बालिग मताधिकारप्रति प्रतिबद्ध रही राष्ट्रको निर्माण गर्ने तथा संविधानमा व्यवस्था गरिएको विचार र अभिव्यक्ति स्वतन्त्रताको सुनिश्चितता गरेको साथै कैद सजाय भइ कारागारमा बस्दैमा सबै मौलिक हकहरू स्वतः स्थगन वा निलम्बिन हुन्छ भन्ने नभएको आदेशमा छ।

## *सामुदायिक विद्यालय...*

प्रविधिको सुरक्षित प्रयोग गरी आर्थिक, सामाजिकलगायत क्षेत्रका क्रियाकलापलाई सूचना प्रविधिमैत्री बनाउने कार्यक्रम अघि बढाएको उहाँको भनाइ छ।

डिजिटल नेपालको अवधारणा कार्यान्वयन गर्न डिजिटल नेपाल फ्रेमवर्क कार्यान्वयनमा जोड दिइएको बताउँदै उहाँले भन्नुभयो, "यसमा तीव्रता दिन छुट्टै आयोजनाको विकास गरी कार्यान्वयनमा लगिएको छ। सरकारी सेवालाई क्रमशः सूचना प्रविधिमार्फत उपलब्ध गराउन सुरु गरिएको छ। कागजरहित सरकारको कार्यान्वयन गर्न केन्द्रीयस्तरको निकायमा एकीकृत कार्यालय व्यवस्थापन प्रणाली लागू गरिएको छ।"

दूरसञ्चार विस्तार गर्दा तानिएको अनावश्यक केबल र तारको व्यवस्थित उपयोग गर्न सुरु गरिने मन्त्री कार्कीले बताउनुभयो। आमसञ्चारको विकास र विस्तारमा जोड दिँदै आमसञ्चार माध्यममा कार्यरत सञ्चारकर्मीलाई प्रशिक्षण दिन कृष्णप्रसाद भट्टराई आमसञ्चार प्रशिक्षण प्रतिष्ठान स्थापना र सञ्चालनको काम अघि बढाइएको उहाँले बताउनुभयो। मन्त्री कार्कीले सञ्चार मध्यमलाई सहज रूपमा लोकल्याणकारी विज्ञापन उपलब्ध गराइने जानकारी दिनुभयो।

सञ्चार माधयलाई मर्यादित र व्यवस्थित बनाउन नियमनको व्यवस्था गरिएको मन्त्री कार्कीले बताउँदै उहाँले भन्नुभयो, "लामो समयदेखि रोकिएका पत्रिका विज्ञापन वर्गीकरण अन्तिम चरणमा पुगेको र अनलाइन माध्यमबाट पत्रकारलाई परिचयपत्र दिन थालिएको छ। प्रेस पास लिन काठमाडौँ आउनुपर्ने बाध्यता अन्त्य गरिएको र आगामी दिनमा घुम्ती सेवा सञ्चालन गरिनेछ।"

देशभित्र र बाहिर कम लागतमा नेपाल टेलिभिजनको पहुँच विस्तार गर्न स्याटलाइट सेवा प्राप्त गर्ने प्रक्रिया अघि बढेको मन्त्री कार्कीले बताउनुभयो। उहाँका अनुसार हुलाक सेवालाई समयानुकूल बनाउन कार्यक्षेत्र विस्तार गर्न र पुनःसंरचना गर्न अध्ययन सुरु गरिएको छ। देशभित्रै सुरक्षण मुद्रा गर्न कानुनी र भौतिक पूर्वाधार तयार गर्न जोड दिइएको र आगामी वर्षबाट सुरक्षण छपाइ सुरु गरिने उहाँको भनाइ छ।


## पखालाबाट बचौं र बचाऔं।

**पखाला लाग्न नदिन,**

- खुलास्थानमा शौच नगरौं, शौचालयको प्रयोग गरौं।
- शौचालयको प्रयोग र फोहोर छोएपछि साबुनपानीले मिचिमिचि हात धुने गरौं।
- खाना बनाउनु खुवाउनु र खानु अघि पनि साबुनपानीले हात धुने गरौं।
- उमालेको र फिल्टर गरेको शुद्ध र सफा पानीमात्र पिउने गरौं।
- बासी, सडेगलेका र झिंगा भन्किएका खानेकुरा नखाऔं।
- खानेपानीको मुहान सफा र सुरक्षित राखौं।
- घरका कोठा, आँगन, कौशी, बरण्डा, भान्सा, शौचालय एवं वरिपरि सफा राखौं।

नेपाल सरकार
विज्ञापन बोर्ड



देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्। हाम्रो सेवाहरु

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५३१०९६

ipay remit
CITY EXPRESS MONEY TRANSFER Money Transfer Made Easy
Best Remit Quick & Easy
PRABHU Money Transfer प्रभुको इच्छा
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*